जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १४३ • २०८२ चैत्र १ गते आईतवार • 15 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# रेल सेवा सञ्चालनमा आएपछि जनकपुरधामसहित नेपाल-भारत सीमावर्ती क्षेत्रका सर्वसाधारणहरू प्रत्यक्ष रूपमा लाभान्वित

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० फागुन**

प्रतिनिधिसभा सदस्य पदको निर्वाचन सम्पन्न भएसँगै कुर्था-जनकपुरधाम-जयनगर रेल सेवा सञ्चालनमा आएपछि जनकपुरधामसहित नेपाल-भारत सीमावर्ती क्षेत्रका सर्वसाधारणहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । दैनिक आवागमन तथा व्यापारिक गतिविधिका लागि यो रेल सेवा स्थानीय बासिन्दाका लागि सहज यातायातको विकल्प बनेको छ ।

प्रतिनिधिसभा निर्वाचनको समयमा केही समयका लागि पूर्ण रूपमा बन्द गरिएको रेल सेवा अहिले पुनः नियमित रूपमा सञ्चालनमा आएको छ । सेवा पुनः सञ्चालन भएपछि यात्रुहरूको चापसमेत बढ्न थालेको रेल विभागले जनाएको छ । रेल विभागका अनुसार सन् २०१९ मा भारतको सरकारी कम्पनी कोंकन रेल्वे कर्पोरेसनसँग करिब ८४ करोड ६५ लाख रुपैयाँमा दुई वटा रेल खरिद गरिएको थियो । डिजेल-इलेक्ट्रिक मल्टिपल युनिट (डीएमयू) प्रविधिमा आधारित ती रेल डिजेल र विद्युत दुवैबाट सञ्चालन गर्न सकिने क्षमताका छन् । डीपीसी १९०१ र डीपीसी १९०२ नम्बरका दुवै रेल १६ सय हर्सपावर क्षमताका रहेका छन् । पाँच वटा डिब्बासहित सञ्चालन हुने एउटा रेलमा एकै पटक करिब १२ सयदेखि १३ सय यात्रुले यात्रा गर्न सक्ने क्षमता रहेको बताइएको छ । हाल नेपालमा रेल सेवा कुर्था-जनकपुरधाम-जयनगर खण्डमा मात्र सञ्चालन भइरहेको छ । तर, यसलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाइएको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग परियोजनासँग जोडेर विस्तार गर्ने योजना लामो समयदेखि चर्चा हुँदै आएको छ । पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माण अन्तर्गत सर्लाही खण्डमा भने काम उल्लेखनीय रूपमा अगाडि बढेको छ ।




आयोजनाको लालबन्दी कार्यालयका अनुसार सर्लाही खण्डको करिब ९० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ । यद्यपि, केही स्थानमा ट्र्याक निर्माणको काम अझै बाँकी रहेको छ । सागरनाथ वन परियोजना तथा मूर्तिया वन कार्यालयबाट रूख कटान प्रक्रिया अघि नबढ्दा निर्माण कार्य प्रभावित भएको जनाइएको छ । त्यसैगरी, हरिवन नगरपालिका-५ घुर्कौली क्षेत्रका केही किसानले मुआब्जा लिन नमानेपछि पनि काम रोकिएको छ । किसानहरूले जग्गाको मूल्यांकन बढाउनुपर्ने माग राख्दै अवरोध गर्दै आएका कारण उक्त क्षेत्रमा निर्माण प्रगति शून्य अवस्थामा रहेको आयोजनाले जनाएको छ । पूर्व-पश्चिम विद्युतीय रेलमार्ग सञ्चालनको विषय भने प्रत्येक निर्वाचनमा राजनीतिक दलहरूको घोषणा पत्रमा प्रमुख प्राथमिकताका रूपमा उल्लेख हुँदै आएको छ । तर, हालसम्म यसको पूर्ण कार्यान्वयन भने हुन सकेको छैन ।

यस पटक राष्ट्रिय स्वतन्त्र पार्टीले पनि आफ्नो वाचा पत्रमा नेपालको यातायात प्रणालीमा दीर्घकालीन परिवर्तन ल्याउने उद्देश्यसहित रेलमार्ग विस्तारको ५० वर्षे गुरुयोजना बनाउने प्रस्ताव अघि सारेको छ । उक्त योजनाअनुसार काठमाडौँ, पोखरा, दाङ, सुर्खेत तथा तराईका प्रमुख शहरहरूमा शाखा रेलमार्ग विस्तार गरी त्यसलाई भारत र चीनको रेल सञ्जालसँग जोड्ने लक्ष्य राखिएको उल्लेख गरिएको छ । योजना र घोषणाहरू धेरै भए पनि पूर्व-पश्चिम रेलमार्गको काम पूर्ण रूपमा सम्पन्न हुन नसक्दा देशव्यापी रेल सञ्जाल विस्तारको सपना भने अझै अधुरै रहेको छ ।

# यादवद्वारा संविधानले प्रदान अधिकारहरू नयाँ बन्ने संघीय सरकारले पूर्ण रुपमा प्रदान गर्ने विश्वास

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० फागुन**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संविधानले प्रदान अधिकारहरू नयाँ बन्ने संघीय सरकारले पूर्ण रुपमा प्रदान गर्ने विश्वास व्यक्त गर्नु भएको छ । मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकारको बजेटमा निर्माण हुन लागेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको पाँच तल्लाका प्रहरी कार्यालय, ब्यारेक तथा भान्सा घरको आज जनकपुरधाममा शिलान्यास गर्दै सो कुरा बताउनु भएको हो ।



उहाँले प्रधानमन्त्री बन्न लाग्नु भएका राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहले जनकपुरधाममा घोषणा गर्नु भएबमोजिम संविधानले प्रदान गरेको संवैधानिक अधिकारहरू प्रदेश सरकारलाई पूर्ण रुपमा हस्तान्तरण हुने आशा व्यक्त गर्नु भयो । मुख्यमन्त्री यादवले प्रदेशहरू पूर्ण रुपमा अधिकार सम्पन्न बनाउने घोषणा कार्यान्वयन हुने ठाउँमा शाह पुग्न लाग्नु भएकाले प्रदेश सरकार मातहत प्रहरी तथा निजामती कर्मचारी चाडै आउने आशा व्यक्त गर्नु भयो।

उहाँले मधेश प्रदेश प्रहरीलाई सुविधा सम्पन्न प्रहरी सङ्गठन बनाउनका लागि प्रदेश सरकारले सबै प्रकारको सहयोग गर्नका लागि प्रतिबद्ध रहेको बताउँदै प्रहरीका लागि विनियोजन भएको रकमको काम समयमा नै सम्पन्न गर्नका लागि आग्रह गर्नु भयो। उहाँले थप काम गर्न चाहेको खण्डमा प्रदेश सरकारले सहयोग गर्नका लागि पूर्ण रुपमा नै तयार भएको बताउनु भयो। मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोले मन्त्रालयमा रहेको बजेट मध्ये ८० देखि ९० प्रतिशत बजेट सुरक्षा निकायमा नै लगानी गर्ने गरि मन्त्रालयले बजेट विनियोजन गरेको बताउनु भयो। उहाँले मन्त्रालयमा चालु आर्थिक वर्षका लागि ७२ करोड बजेट रहेको बताउँदै प्रहरीलाई आधुनिक तथा सुविधा सम्पन्न बनाउनका लागि धैरै बजेटहरू विनियोजन गर्ने काम भएको बताउनु भयो।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक गोविन्द थपलियाले प्रहरी लागि बन्ने नयाँ सुविधा सम्पन्न ब्यारेक सहितको संरचनाले प्रहरीको मनोबल बढाउने विश्वास व्यक्त गर्नु भयो।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




सामाजिक तथा सांस्कृतिक सदभाव कायम राखौं ।

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरु मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सदभाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# घोषणापत्रहरु लागु हुनुपर्छ

चुनाव सकिएपछि घोषणापत्रलाई बेवास्ता गर्दै आफ्नै स्वेच्छाले काम गर्ने परिपाटी सबै दल र उम्मेदवारमा प्रायः रहेको देखिन्छ । अर्थात्, घोषणापत्र त चुनावको बेलामा देखाउने दाँतमात्रै हो भन्दा अत्युक्ति नहोला । संघ र प्रदेशको यस दोस्रो चुनावमा पनि राजनीतिक दलहरूले विकास र निर्माण तथा सामाजिक आर्थिक रूपान्तरणको लागि भनेर केन्द्र र स्थानीयस्तरमा पनि आ–आफ्नै खालका घोषणापत्र सार्वजनिक गर्ने होडै चलेको छ विगतमा पनि । शिक्षामा आमूल परिवर्तन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि सार्वजनिक गरिएको घोषणापत्रमा खासै चासो दिएको पाइँदैन ।

शिक्षालाई समृद्धिको आधार भन्दै नेपाली कांग्रेसले कुल बजेटको २० प्रतिशत शिक्षामा लगानी, विद्यालय शिक्षा ऐन छिटो पारित गर्ने, डिजिटल शिक्षा र स्मार्ट कक्षा, विश्वविद्यालय सुधार र अनुसन्धान प्रवर्द्धन गर्ने घोषणापत्रमा उल्लेख गरेका थिए । गत निर्वाचनमा हाल कायम रहेको विद्यार्थीले विद्यालय छाड्ने दर न्यूनीकरण गर्ने, शिक्षामा हाल भइरहेको लगानीलाई दोब्बर बनाउने, स्थानीय तहमा सुविधा सम्पन्न अगुवा विद्यालय स्थापना गर्ने, एक व्यावसायिक सीप विद्यालय सञ्चालन गर्ने, फरक क्षमता भएका र विपन्न परिवारका बालबालिकालाई विशेष विद्यालय तथा आवासीय छात्रवृत्तिको व्यवस्था गर्ने, धार्मिक विद्यालयलाई प्रोत्साहन गर्ने लगायतका विषयलाई घोषणापत्रमा उल्लेख गरेको थियो तर के कति कार्यान्वयन भयो लेखाजोखा भएन ।

त्यसैले यसपालिको चुनावमा भएको घोषणापत्रहरु लागु हुनुपर्छ भने आम जनतामा मांग रहेको छ ।

# चालु आर्थिक वर्षको बजेट अझै पारित हुन नसक्दा विकास निर्माणका कामदेखि सेवा प्रवाहसम्म प्रभावित

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० फागुन**

धनुषाको कमला नगरपालिकामा चालु आर्थिक वर्षको बजेट अझै पारित हुन नसक्दा विकास निर्माणका कामदेखि सेवा प्रवाहसम्म प्रभावित भएको छ । जनप्रतिनिधिबीचको आन्तरिक विवादका कारण नगरसभा हुन नसक्दा आठ महिना बितिसक्दा पनि बजेट आउन नसकेको हो ।

नगरसभा नहुँदा बजेट ल्याउन नसकिएकोले नगरपालिकाको अधिकांश विकास आयोजना ठप्प बनेका छन् । सडक, पूर्वाधार तथा अन्य विकास निर्माणका योजना कार्यान्वयन हुन नसक्दा स्थानीयवासी निराश बनेका छन् भने विभिन्न कार्यालयमा सेवा प्रवाह समेत प्रभावित भएको छ । बजेट अभावको



प्रत्यक्ष असर शिक्षाक्षेत्रमा देखिएको छ । नगरपालिकाभित्रका विभिन्न विद्यालयका शिक्षकले आठ महिनादेखि तलबभत्ता नपाएको भन्दै आन्दोलन सुरु गरेका छन् ।

नगरपालिकाभित्र रहेका पाँच माध्यमिक विद्यालय, दुई निम्न माध्यमिक विद्यालय र दश प्राथमिक विद्यालयका शिक्षक आन्दोलनमा उत्रिएका हुन् । शिक्षकहरूको आन्दोलनका कारण करिब सात हजार विद्यार्थीको पठनपाठन प्रभावित भएको छ । शिक्षकहरूले विगतमा नगरपालिकासँग भएको सहमति अनुसार आठ महिनाको बक्यौता तलबभत्ता एकमुष्ट भुक्तानी गर्नुपर्ने तथा नियमित तलबको व्यवस्था गर्नुपर्ने माग गरेका छन् ।

माग पूरा नभएसम्म विद्यालय सञ्चालन नगर्ने अडान शिक्षकहरूले लिएका छन् । जनहित माध्यमिक विद्यालय माची झिटकैयाका प्रधानाध्यापक जगन्नाथ यादवका अनुसार नगरपालिकाले लामो समयदेखि तलबभत्ता उपलब्ध नगराउँदा शिक्षकहरू आर्थिक रूपमा समस्यामा परेका छन् । 'पहिले भएको सहमतिअनुसार बक्यौता तलबभत्ता भुक्तानी गरिनुपर्छ, अन्यथा विद्यालय सञ्चालन गर्न गाह्रो हुन्छ,' उनले भने । बजेट अभावका कारण शिक्षक मात्र नभई स्वास्थ्य, कृषि, वडा कार्यालय तथा अन्य शाखामा कार्यरत कर्मचारीहरू पनि प्रभावित भएका छन् । विभिन्न कार्यालयका कार्यक्रम तथा योजनाहरू कार्यान्वयन हुन नसक्दा सेवा प्रवाह कमजोर बनेको स्थानीयहरूको गुनासो छ ।




# १ महिने रमजान पर्व (रोजा) मा सात वर्षीय बालक पनि सहभागी



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ३० फागुन**

मुस्लिम धर्मावलम्वीहरूको एक महिने रमजान पर्व (रोजा) मा सात वर्षीय बालक पनि सहभागी हुनुभएको छ । सप्तरीको राजविराज नगरपालिका वडा नम्बर ४ निवासी सात वर्षीय बालक मो.उमर फारुख एक महिने रोजा पर्वमा सहभागी हुनुभएको छ । बिहानैदेखि रोजा ( व्रत ) बसेर पवित्र धार्मिकग्रन्थ कुरानपाठ गर्ने विधिमा उहाँ बुवा मो.हलिम अख्तर उर्फ मज्जो तथा आमा अहमदी खातुनसंगै सहभागी हुने गर्नुभएको छ ।

उमर फारुख दिनभर रोजा (निराहार व्रत) मा बस्ने तथा साँझ निश्चित समय पुरा भएपछि अन्नजल ग्रहण (रोजा अफतार) मा सहभागि हुने गरेको उहाँका बुवा मो.मज्जो बताउनुहुन्छ । रमजान महिनामा बालबालिका, वृद्ध, सुत्केरी र बिरामीलाई रोजा अनिवार्य छैन् । तर, नाबालक छोरा उमर फारुखले आफू पनि रोजा बस्ने रहर व्यक्त गरेपछि रोजा बस्ने अनुमति दिएको उहाँका बुवाले बताउनुभयो ।

## तपाईको टुडे

मेषः विचार गरेर बोल्नुहोला
वृषः लामो यात्राको योग छ
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः मनमा पछुतो आउने
सिंहः शुभ कार्यको शुरुवात
कन्याः खानपानमा समस्या आउने
तुलाः पढाईमा ध्यान दिनुपर्ने
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः अनावश्यक खर्चको संभावना
मकरः अनावश्यक चिन्ता
कूम्भः अशुभ समाचार प्राप्त हुने
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# अमेरिकाले तत्कालका लागि हटायो रूसी तेल कारोबारमाथिको प्रतिबन्ध

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३० फागुन



अमेरिकाले रूसी तेल कारोबारमाथिको अमेरिकी प्रतिबन्ध तत्कालका लागि हटाइएको जनाएको छ। अमेरिकाले इरानविरुद्ध आफू र इजरायलले गरेको युद्धको आर्थिक प्रभाव कम पार्ने उद्देश्यले अन्य देशलाई रूसी इन्धन किन्ने अनुमति दिने निर्णय गरेको हो।

अमेरिकी अर्थमन्त्री स्कट बेसन्टका अनुसार युद्धका बेला 'विश्वको ऊर्जा बजारमा स्थिरता' कायम राख्न अस्थायी उपायस्वरूप उक्त निर्णय लिइएको हो। अमेरिकाले समुद्रमा रहेका रूसी पानीजहाजमा भरिएको तेल मात्र किन्न पाउने गरी रूसी तेल किन्न नपाउने प्रतिबन्ध एप्रिल ११ सम्मका लागि फुकुवा गरेको हो। "यो तत्कालीन उपाय 'ट्रान्जिट'मा भएको तेलका लागि मात्र हो र यसबाट रूस सरकारलाई खासै आर्थिक लाभ पुग्दैन," बेसन्टले भने। रूसले अहिले झन्डै १० करोड ब्यारल तेल ट्रान्जिटमा भएको बताएको छ। खाडीमा कम्तीमा थप तीन ओटा तेलवाहक पानीजहाज आक्रमणमा परेपछि बिहीवार विश्व बजारमा तेलको मूल्य फेरि प्रतिब्यारल १०० डलर नाघेको थियो। तेल ढुवानी गर्न प्रयोग हुने जलमार्गमा इरानले अवरोध सिर्जना गर्दै र मालवाहक पानीजहाजहरूमा आक्रमण गर्दै आएको छ। खाडीमा तेल उत्पादन गर्ने स्थलहरू पनि आक्रमणको निसानामा परेका छन्। इरानका नवनियुक्त सर्वोच्च नेता मुज्तबा खामेनीले तेल ढुवानी गर्न प्रयोग गरिने एउटा मुख्य मार्ग 'स्ट्रेट अप हर्मुज'मा अवरोध गरिराख्ने उद्घोष गरेको एक दिनपछि अमेरिकाले रूसी इन्धनमा लगाएको प्रतिबनध अस्थायीरूपमा फुकुवा गरेको हो।

# निर्देशक शंकरको ड्रिम प्रोजेक्ट 'वेलपरी' बाट रणवीर बाहिरिए, विक्की र धनुषको नयाँ जोडी देखिने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३० फागुन



दक्षिण भारतीय चलचित्र क्षेत्रका दिग्गज निर्देशक एस. शंकरको बहुप्रतिक्षित ड्रिम प्रोजेक्ट 'वेलपरी' लाई लिएर नयाँ चर्चा सुरु भएको छ। पछिल्लो मिडिया रिपोर्ट अनुसार, यो मेगा बजेट चलचित्रमा अब बलिउड अभिनेता रणवीर सिंहको सट्टा विक्की कौशल देखिन सक्ने सम्भावना बढेको छ।

चलचित्रमा दक्षिण भारतीय सुपरस्टार धनुष पहिले नै मुख्य भूमिकाका लागि तय भइसकेका छन्। यसअघि अर्को प्रमुख भूमिकाका लागि रणवीर सिंहको नाम चर्चामा रहे पनि अहिले निर्माण पक्षले विक्की कौशलसँग गम्भीर कुराकानी अगाडि बढाएको बताइएको छ। यो चलचित्र प्रसिद्ध तमिल उपन्यास 'वीर युग नायकन वेल परी' मा आधारित हुनेछ, जसलाई प्रख्यात लेखक सु. वेंकटेशनले लेखेका हुन्।

ऐतिहासिक कथावस्तुमा आधारित यो चलचित्रले प्राचीन तमिलनाडुका उदार शासक वेलपरीको जीवन र वीरताको गाथालाई पर्दामा उतार्नेछ। निर्देशक शंकरले यस प्रोजेक्टलाई आफ्नो करियरकै सबैभन्दा महत्त्वाकाङ्क्षी योजनाको रूपमा लिएका छन् र यसका लागि उनले धनुषसँग लामो समयको सुटिङ मिति समेत मागिसकेका छन्। यदि विक्की कौशल यो चलचित्रमा अनुबन्धित भएमा दर्शकले पहिलो पटक धनुष र विक्की जस्ता प्रभावशाली अभिनेताहरूको नयाँ जोडीलाई पर्दामा देख्न पाउनेछन्।

# आयात नियमित हुँदा पनि बजारमा ग्यास अभाव

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३० फागुन



भैरहवा क्षेत्रका बजारमा एलपी ग्यासको अभाव देखिएको भन्दै उपभोक्ताले चिन्ता व्यक्त गरेका छन्। ग्यास आयातमा कमी नभएको जनाइए पनि बजारमा भने उपभोक्ताले सहज रूपमा ग्यास पाउन नसकेको बताएका छन्।

स्थानीय उपभोक्ताहरूका अनुसार एउटा ग्यास सिलिण्डरका लागि दिनभरि पसल-पसल धाउनुपर्ने अवस्था सिर्जना भएको छ। ग्यास विक्रेताले समेत मौज्दात सकिएको भन्दै उपभोक्तालाई फर्काइदिने गरेको उनीहरूको भनाइ छ। ग्यास विक्रेताको ग्यास सिलिण्डरको लामो लाइन लागेको छ। लामो समयसम्म पालो कुर्दा पनि खाना पकाउने एलपी ग्यास पाउन नसकेको स्थानीय प्रदीप ज्ञवालीले बताए। नियमित भान्छा चलाउन पनि ग्यास नपाउने अवस्था आउँदा दैनिक जीवन कष्टकर हुँदै गएको उनको भनाइ छ। ग्यास विक्रेताले पनि कम्पनीबाट पर्याप्त ग्यास उपलब्ध नगराउँदा अभाव देखिएको बताएका छन्। मागअनुसारको आपूर्ति नहुँदा उपभोक्तालाई उपलब्ध गराउन नसकिएको उनीहरूको भनाइ छ। यद्यपि भैरहवा भन्सार कार्यालयका अनुसार भने ग्यास आयात नियमित रूपमा भइरहेको छ। भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार केही दिन निर्वाचनका कारण आयातमा सामान्य समस्या देखिए पनि अहिले अवस्था सामान्य भइसकेको छ। दैनिक रूपमा ग्यास बोकेका बुलेट ट्याङ्कर नाकाबाट नेपाल भित्रिने क्रम जारी रहेको जनाइएको छ।

# एसपिए कैलाली प्राइड लिग : घोडाघोडी र बुढीगंगा नगरपालिका विजयी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३० फागुन



बाजुराको बुढीगंगा नगरपालिका र कैलालीको घोडाघोडी नगरपालिका धनगढीको फाप्ला खेल मैदानमा जारी चौथो संस्करणको अन्तरपालिका स्तरीय एसपिए कैलाली प्राइड लिगमा शुक्रबार जित हासिल गरेका छन्।

शुक्रबारको पहिलो खेलमा घोडाघोडी नगरपालिकाले भीमदत्त नगरपालिकालाई ३ रनले पराजित गर्दै सुखद सुरुवात गरेको छ। उद्घाटन खेलमा पुनर्वास नगरपालिका ए लाई ३६ रनले पराजित गरेको भिमदत्तको यो पहिलो हार हो। घोडाघोडी नगरपालिकाले दिएको १३७ रनको लक्ष्य पछ्याएको भीमदत्त नगरपालिकाले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर मात्र १३३ रन बनाउन सक्यो। भिमदत्तका लागि अरुण ऐरीले अर्धशतक प्रहार गरेपनि जितका लागि पर्याप्त भएन। ऐरी अर्धशतक पूरा गर्ने बित्तिकै रनआउट भए। राहुल चन्दले ४७ रन बनाउँदा अन्य ब्याटरले उल्लेखनीय प्रर्दशन गर्न सकेनन्। घोडाघोडीका लागि आयुष द्वारिया,रुद्र राज आचार्य,हरिष बस्नेत र रुपेश थापाले समान एक-एक विकेट लिए। यसअघि फाप्ला खेल मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको घोडाघोडीले १९.१ ओभरमा अलआउट हुँदै १३६ रन बनाएको थियो। कप्तान टेक रावतले सर्वाधिक ३३ रन बनाए भने नवयुग बस्नेतले २५ तथा आयुष द्वारिया र दिनेश रावतले समान १८ रनको योगदान दिए।



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# कांग्रेसको भविष्य र गगनको भूमिका

-२१ फागुनमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएपछि कांग्रेस र सभापति गगन थापाको भविष्यबारे राजनीतिक वृत्तमा गम्भीर बहस प्रारम्भ भएको छ। एकातिर, अप्रत्याशित निर्वाचन परिणामको समीक्षा गरिरहेको घडीमा थापाले राजीनामा गर्ने मनसाय सार्वजनिक भएपछि कांग्रेस वृत्तमा गम्भीर तरंग सिर्जना भएको छ।

अर्कोतिर, 'बदलियो कांग्रेस, बदल्छौं देश' भन्ने मुख्य नारासहित निर्वाचनमा गएको पार्टी पराजित भएपछि संस्थापन पक्ष र पूर्वसभापति शेरबहादुर देउवा पक्षका बीचमा आरोप-प्रत्यारोपको पुन: अर्को धारावाहिक शृंखला सुरु भएको छ। थापा नेतृत्वको संस्थापन पक्षले विगतमा देउवाको असफलता र अलोकप्रियताका साथै निर्वाचनमा अन्तर्घात भएको कारण पराजित भएको तर्क गरेका छन्। तर देउवा समूहले पराजयको प्रमुख कारण थापा असफल भएको आरोप लगाउँदै विशेष महाधिवेशनको औचित्य पनि समाप्त भएको दाबी गरेको छ। यद्यपि, केवल कांग्रेस मात्रै होइन, एमाले, नेकपालगायत चलनचल्तीको भाषामा पुराना पार्टीहरू पनि लज्जास्पद रूपमा पराजित भएका छन्। तर २००७ देखि २०६२/६३ सम्म तीन-तीन वटा सफल राजनीतिक क्रान्ति तथा आन्दोलनको नेतृत्व गरेको प्रमुख लोकतन्त्रवादी पार्टी कांग्रेस किन यसरी पराजित भयो ? यो कांग्रेस पार्टीकै असफलता हो कि देउवा समूहको आरोपजस्तै थापाको असफलता हो ? अब कांग्रेस र थापाको भविष्य के हुन्छ ? थापाले राजीनामा दिनुपर्छ कि पर्दैन ? पराजयका कारण के-के हुन् ? के कांग्रेसले पुनर्जीवन पाउने सम्भावना छ ? भन्नेजस्ता प्रश्न, प्रतिप्रश्न र यक्ष प्रश्नहरू उठेका छन्। त्यसैले कांग्रेसको भविष्यका लागि पनि यस्ता प्रश्न, प्रतिप्रश्न र यक्ष प्रश्नहरूका बारेमा वस्तुनिष्ठ रूपमा समीक्षा गरी ठोस निष्कर्षमा पुग्नु अपरिहार्य छ। कांग्रेस किन पराजित भयो ? करिब तीन दशकदेखिका विकृति-विसंगति, यसले कांग्रेसलाई पारेको प्रभाव र निर्वाचन परिणामको विस्तृत विश्लेषण र समीक्षा यो छोटो आलेखमा सम्भावना छैन। यदि विस्तृत र वस्तुनिष्ठ रूपमा पराजयका कारणहरूको फेहरिस्त तयार गर्ने हो भने एउटा खण्डकाव्य नै बन्न सक्छ।


तर बुँदागत रूपमा उल्लेख गर्दा प्रमुख सात कारण छन्। पहिलो, २०४६ मा लोकतन्त्र स्थापना भएपछि पटक-पटक सत्तामा जाने अवसर पायो। तर २०४८ देखि २०५१ सम्मको अवधिबाहेक जनभावनाअनुसार राज्य सञ्चालन गरी जनतालाई परिवर्तनको अनुभूति गराउन असफल भयो। न कांग्रेसको सरकारले आर्थिक विकासको नेतृत्व गर्न सक्यो, न डेलिभरी गरी जनताको मन जित्न सक्यो। कांग्रेस भनेको सत्ताको दलाली गर्ने र सत्तामा गएर राज्यको दोहन गर्ने दोहनकारी पार्टी भएको भाष्य जनतामा स्थापित भयो।



दोस्रो, भ्रष्टाचार नियन्त्रण र सुशासन जनताको चाहना थियो। तर भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्न नसकेको मात्रै होइन, कांग्रेसकै सरकारको पालामा भ्रष्टाचार र कुशासनका नयाँ-नयाँ काण्डहरू पर्दाफास भए। कांग्रेसकै नेता, मन्त्री र सांसदहरू भ्रष्टाचार र अख्तियार दुरुपयोगको एकपछि अर्को काण्डमा फस्दै गएपछि कांग्रेसको छवि नै थप नकारात्मक भयो। तेस्रो, मूल्यको राजनीति र सिद्धान्तलाई तिलाञ्जली दिएर सत्ता र शक्तिका लागि अप्राकृतिक गठबन्धन र सम्झौता गर्ने चरम सत्तामुखी प्रवृत्ति पराजयको अर्को प्रमुख कारण हो। कांग्रेस, एमाले, माओवादी गरी तीन पार्टीका तीन नेताहरू देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहालबीच सत्ताको सिन्डिकेट र 'म्युजिकल चेयर' को खेलका कारणले केवल तीन पार्टी र तीन नेताहरू मात्रै होइन, लोकतान्त्रिक प्रणाली र संविधानसमेत विकृत र बदनाम भएको थियो। चौथो, संवैधानिक निकाय, न्यायालय, निजामती प्रशासन, सुरक्षा निकाय, विश्वविद्यालय, कूटनीतिक निकाय तथा राज्यका निकायहरूको अति दलीयकरण गरिएको थियो। जनता यस्तो अवाञ्छित दलीयकरणको विपक्षमा थिए। पाँचौं, यी समग्र विकृति-विसंगति तथा २३-२४ भदौको जेन-जी विद्रोहका क्रममा सरकारले हत्या र दमन गरेपछि जनता कांग्रेस-एमालेको विपक्षमा थिए र परिवर्तनको पक्षमा थिए। त्यसैले जनताले कांग्रेस, एमालेको विरुद्धमा मतदान गरे र बालेन शाहको छवि र लोकप्रियताका कारणले परिवर्तनकारी पक्षधरले समर्थन गरेपछि रास्वपाले अप्रत्याशित रूपमा ऐतिहासिक सफलता हासिल गर्न सफल भयो। छैटौं, पराजयको अर्को महत्त्वपूर्ण कारण अन्तर्घात हो। पूर्वसभापति कृष्णप्रसाद भट्टराई उम्मेदवार भएको उपनिर्वाचनदेखि नै हुँदै आएको घात, अन्तर्घात र प्रतिघातको सिकार कांग्रेस यस पटक पनि भयो। निर्वाचन सम्पन्न भएर परिणाम पनि सार्वजनिक नहुँदै देउवा समूहबाट थापाविरुद्धका सार्वजनिक अभिव्यक्ति र आरोपको शृंखलाका आधारमा विश्लेषण गर्दा कुन तहसम्मको असहयोग र अन्तर्घात भएको रहेछ भन्ने घामजत्तिकै छर्लङ्ग भएको छ। देउवाले औपचारिकताका लागि भए पनि रुखमा मतदान गर्न अपिलसमेत जारी गरेनन्। उल्टै मतदानसमेत बहिष्कार गरेर उनी सिंगापुर गए। पूर्णबहादुर खड्का, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, शशांक कोइरालालगायत देउवा समूहका कुनै पनि नेताहरू चुनाव प्रचारमा देखिएनन्।

**सांभार : कान्तिपुर।**










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday